"संविधान कार्यान्वयनमा हाम्रो ऐक्यवद्धताः मानव अधिकार प्रतिको प्रतिवद्धता"

# नेपाल बार एशोसिएशन

## मानवअधिकार सम्बन्धी राष्ट्रिय सम्मेलन, २०७४

## नुवाकोट घोषणा-पत्र

**नेपाल बार एशोसिएशनले आफ्नो स्थापनाकालदेखि नै मानवअधिकार, कानुनको शासन, स्वतन्त्र न्यायपालिका र लोकतन्त्रको पक्षमा निर्वाह गर्दै आएको ऐतिहासिक भूमिकालाई आत्मसात गदै;**

**नेपालको संविधानमा सुनिश्चित गरिएका मानवअधिकार, स्वतन्त्र, सक्षम र जवाफदेही न्यायपालिका, वालिग मताधिकार, लोकतान्त्रिक गणतन्त्र, संघीयता, कानुनी शासन र समावेशीता लगायतका प्रावधानहरुको प्रभावकारी कार्यान्वयन गर्न र संवैधानिक व्यवस्था वमोजिम तिनै तहको निर्वाचन सम्पन्न भईसकेको परिप्रेक्षमा लोकतन्त्रको प्रत्याभूतीको आवश्यकतालाई मध्यनजर गर्दै,**

**शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुर्‍याउन दश वर्षे सशस्त्र द्वन्द्व, तराई मधेश लगायतका विभिन्न आन्दोलनहरुका क्रममा भएका मानवअधिकारका उल्लंघन र ज्यादतीका घटनाहरुलाई सम्बोधन गरी पीडितलाई न्याय र परिपूरण दिलाउँदै शान्ति स्थापनाका अन्तर्राष्टिय रुपमा स्थापित मान्यताले तय गरेको शान्ति प्रक्रियाको उद्देश्यलाई मनन गर्दै;**

**नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हकहरुको प्रभावकारी कार्यान्वयन गर्नु पर्ने आवश्यकतालाई जोड दिदै;**

**नेपाल उपर अन्तर्राष्ट्रिय कानुनले निरोपीत गरेका दायित्वहरुको परिपालना गर्नु पर्ने आवश्यकतालाई मनन गर्दै नेपाल बार एशोसिएशन, मानवअधिकार तथा जनसरोकार समितिको मिति २०७४ मङ्सिर २४ गते (१० डिसेम्बर २०१७) मा सम्पन्न मानव अधिकार सम्बन्धी राष्ट्रिय सम्मेलनबाट यो एघार बुँदे नुवाकोट घोषणापत्र जारी गरिएको छ ।**

१. नेपाली जनताले ऐतिहासिक संविधानसभा मार्फत निर्माण गरेको संविधानको प्रभावकारी कार्यान्वयनको क्रममा तीन तह (संघ, प्रदेश र स्थानीय तह) को निर्वाचन सम्पन्न भइ सकेको सन्दर्भमा संविधानमा तोकिएकै मितिमा राष्ट्रिय सभा लगायतका निर्वाचन समेत सम्पन्न गर्नका लागि नेपाल सरकार लगायत सम्वन्धित सवै सरोकारवालासँग यो सम्मेलन जोड्दार माग गर्दछ ।

२. मानव अधिकारको संरक्षण, प्रवर्द्धन र प्रत्याभूतिका लागि वर्तमान संविधानले सुनिश्चित गरेको मौलिक हकको कार्यन्वयनको लागि आवश्यक कानुनहरु निर्माण गर्न तथा विद्यमान कानुनहरुमा संशोधन गर्न संविधानले निर्धारण गरेको तीन वर्षको समय वित्नै लागेको अवस्थालाई मध्यनजर गर्दै सो अवधि भित्र अविलम्व कदम बढाउन यो सम्मेलन नेपाल सरकारसँग आव्हान गर्दछ ।

३. संविधानले सुनिश्चित गरेका नागरिक तथा राजनीतिक अधिकारका साथै आर्थिक, समाजिक र साँस्कृतिक अधिकारको प्रभावकारी कार्यान्वयनको लागि राज्यले अविलम्व कानुन बनाइ प्राथमिकताका साथ कार्यान्वयन गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।

४. मानव अधिकारको संरक्षण र सम्वर्द्धनका सम्बन्धमा अदालतबाट भएका आदेश तथा फैसला एवम् राष्टिय मानव अधिकार आयोगले अनुसन्धान तथा छानविन गरि नेपाल सरकारलाई दिएका सिफारिशहरु अविलम्व कार्यान्वयन गर्न/गराउन यो सम्मेलन सबै सरोकारवाला निकायहरुको ध्यानाकर्षण गराउँदछ ।

५. तराई मधेश लगायत देशका विभिन्न भागमा आन्दोलनका क्रममा भएका मानव अधिकार उल्लंघन र ज्यादतीका घटनाको एवम् अन्य मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटनाहरुको निष्पक्ष छानविन गरी त्यस्ता घटनाका दोषीलाई कानुनको दायरमा ल्याई दण्डहीनताको अन्त्य गर्न यो सम्मेलन नेपाल सरकारलाई आव्हान गर्दछ ।

६. मानव अधिकारका आधारभुत मान्यता र पीडितको न्यायको अधिकारलाई कुनै बहानामा इन्कार नगर्न संक्रमणकालीन न्याय प्रक्रियालाई सर्वोच्च अदालतबाट कानुन संशोधन गर्न दिइएका आदेश तथा प्रतिपादित सिद्धान्त र अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप अगाडी बढाइ पीडितको सत्य, न्याय र परिपूरणको अधिकार सुनिश्चित गर्न यो सम्मेलन सम्बन्धीत सबैको ध्यानाकर्षण गराउँदछ ।

७. दश वर्षे सशस्त्र द्वन्द्धका क्रममा भएका मानव अधिकार उल्लंघन र ज्यादतीका घटनाहरुको अनुसन्धान गरी सत्य पत्ता लगाउन, पीडित लाई न्याय तथा परिपूरण प्रदान गर्न गठन भएका सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगलाई प्रभावकारी बनाइ शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुर्‍याउन यो सम्मेलन नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

८. संविधानको भावना अनुकूल लैङ्गिक न्याय सुनिश्चित गर्न महिलाको न्यायमा सहज पहूँज सुनिश्चित गर्दै प्रभावकारी न्यायिक उपचार प्रदान गर्ने व्यवस्था मिलाउनका लागि नेपाल सरकारसँग यो सम्मेलन आव्हान गर्दछ ।

९. विकास निर्माण लगायतको कार्य गर्दा स्वच्छ वातावरणमा वाच्न पाउने अधिकारको सम्मान र संरक्षणका लागि वातावरण संरक्षण सम्बन्धी कानुन र अदालतको फैसला प्रभावकारी कार्यान्वयन गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।

१०. कानुन व्यवसायी लगायत मानव अधिकारको क्षेत्रमा काम गर्ने मानव अधिकार रक्षकहरुको सुरक्षाको प्रत्याभूतीको लागि आवश्यक व्यवस्था मिलाउन यो सम्मेलन माग गर्दछ ।

११. तीन तहकै निर्वाचन सम्पन्न भई समतामूलक समाज निर्माणको परिप्रेक्ष्यमा निर्माण हुने कानुन, नीति, कार्यक्रम र योजना मानवअधिकार मैत्री तथा अन्तर्राष्टिय कानुनले निर्धारण गरेका मापदण्ड बमोजिम गरियोस भनी यो सम्मेलन जोडदार माग गर्दछ ।

**घोषणा पत्र तयारी समिति**

**संयोजक :-** वरिष्ठ अधिवक्ता यदुनाथ खनाल ।

**सदस्यहरु :-** अधिवक्ता बद्रि पाठक, अधिवक्ता शंकर सुवेदी, अधिवक्ता बाबुराम दहाल, अधिवक्ता पदम श्रेष्ठ अधिवक्ता मेजर थापा, अधिवक्ता रक्षा बस्याल, अधिवक्ता दयाराम गौतम, अधिवक्ता देवेन्द्र श्रेष्ठ, अधिवक्ता दिपककुमार विष्ट, अधिवक्ता लक्ष्मण थपलिया, अधिवक्ता परशु घिमिरे, अधिवक्ता विकाश भट्टराई, अधिवक्ता अनन्तराज लुइटेल, अधिवक्ता बसन्त बस्नेत, अधिवक्ता प्रसन्नकृष्ण दास, अधिवक्ता शंकर लिम्वु, अधिवक्ता जगत बहादुर कार्की, अधिवक्ता अन्जु कायस्थ, अधिवक्ता ज्ञानेन्द्र नेपाल, अधिवक्ता रामचन्द्र कार्की, अधिवक्ता सुरेन्द्र अधिकारी, अधिवक्ता श्रीराम पाण्डे, अधिवक्ता सूर्य गुरुङ, अधिवक्ता गणेश खनाल, अधिवक्ता लक्ष्मी पोखरेल ।

सम्बत् २०७४ मङ्सिर २४ गते (डिसेम्बर १०, २०१७)

**नुवाकोट ।**